"शिक्षा, स्वास्थ्य, पर्यटन तथा व्यापारिक पूर्वाधार, बहुसांस्कृतिक, आवासीय समृद्ध शहर"
धरान उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
DHARAN SUB-METROPOLITAN CITY
OFFICE OF THE MUNICIPAL EXECUTIVE
सुनसरी, १ नं. प्रदेश, नेपाल
Sunsari, Province No. 1, Nepal

महाशाखा / शाखा / उपशाखा

पत्र संख्या :- ०२२।१।४।०७८।७९
चलानी नं. :- ६ ३६९

मितिः२०७८।१२।३०

श्री वडा कार्यालय सबै

**विषयः–प्रचार प्रसार गरिदिने बारे ।**

उपरोक्त सम्बन्धमा धरान नगरक्षेत्रभित्र राष्ट्रिय भवन निर्माण संहिता २०६०, बस्ति विकास सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्ड २०७२ र यस उपमहानगरपालिको भवन तथा योजना मापदण्ड २०५६(संशोधन २०७०) अनुरुप पालना नगरी मापदण्ड विपरित बनेका घरहरुको सूचिकृत गर्ने बारेको सूचना यसैसाथ संलग्न राखी प्रचार प्रसारका लागी पठाईएको ब्यहोरा अनुरोध छ ।

**सूचना**

**विषयः–सूचिकृत हुन आउने बारे सुचना ।**

प्रस्तुत सन्दर्भमा धरान नगरक्षेत्रभित्र राष्ट्रिय भवन निर्माण संहिता २०६०, बस्ति विकास सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्ड २०७२ र यस उपमहानगरपालिकाको भवन तथा योजना मापदण्ड २०५६(संशोधन २०७०) अनुरुप पालना नगरी मापदण्ड विपरित बनेका घरहरुको निर्माण सम्पन्न प्रमाणपत्र उपलब्ध गराउन कानूनत नसकिने भएकाले त्यस्ता निर्मित भवनहरु नक्सापासको दायरामा नआएको हुँदा त्यस प्रकारका भवनहरुलाई सूचिकरण गर्ने भनी कार्यपालिकाबाट निर्णय भएकोले यो सूचना प्रकाशन भएको मितिले ६ महिना भित्रमा घरनक्सा संलग्न राखी निवेदन दिई सूचिकृत हुन सम्बन्धित सबैमा जानकारी गराईन्छ । अन्यथा स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ७ को दफा ३९ को ४ र ५ अनुसार हुने ब्यहोरा समेत जानकारी गराईन्छ । यस बारेमा विस्तृत जानकारीका लागी घरनक्सा शाखामा सम्पर्क राख्न हुन जानकारी गराईन्छ ।

**बोधार्थ**

श्री सूचना तथा पर्यटन महाशाखाः–पत्रपत्रिका, एफ.एम.रेडियो, टेलिभिजन, कार्यालयको वेवसाईटमा राखी
ध.उ.म.न.पा. सूचना प्रचार प्रसार गरिदिन हुन ।
श्री स्थानीय भवन निर्माण ब्यवसायी संघ, धरान :–जानकारीको लागी ।
श्री सेक नेपाल :–जानकारीको लागी ।

०७८।१२।३०
सुरज श्रेष्ठ
वरिष्ठ इन्जिनियर

कार्यालयः ०२५-५७०६३६, ५७०८१३, ५७०४०७, प्रमुखः ५७०१०९, उप-प्रमुखः ५७५४९०, प्र.प्र.अ.: ५७०२७९, प्रशासनः ५७१९९१, आर्थिक प्रशासनः ५७१५११,
सुचना, राजस्वः ५७१५०१, भण्डार/खरिदः ५७१५०३, वारुण यन्त्रः ५७०१९९
E-mail: info@dharan.gov.np, Website: http:/www.dharan.gov.np